जि.प्र.का.काठमाडौं.द.नं. १९५-०६७/६८
म.क्षे.हु.का.द.नं. ५/०७२/०७३
ISSN No. 2467-9208
बालसिर्जना मासिक
वर्ष ९, अंक ५, पूर्णाङ्क १०१, २०७६ कार्तिक

**सल्लाहकार**:
प्रा. मुकुन्दशरण उपाध्याय
प्रा. गोपीकृष्ण शर्मा, मोदनाथ प्रश्रित
पुष्पराज पराजुली, अर्जुनबन्धु रेग्मी,
प्रद्युम्न कार्की, महेन्द्रराज वाग्ले
विजय घिमिरे, रोमन पुरी

**प्रकाशक/सम्पादक**
दीनदयाल रेग्मी
९८५११५६३४४

**प्रबन्ध निर्देशक**
प्रमिला पोखेल

**प्रबन्धक**
कमलप्रसाद डुम्रे

**सह सम्पादक**
शेषनाथ पौडेल, प्रेमनारायण भुसाल
माधव नेपाल, डा.नेत्रलाल भण्डारी

**अतिथि सम्पादक**
कृष्ण प्रसाद ज्ञवाली
दीपेन्द्र विक्रम सिजापती
दीपक सुवेदी, श्यामप्रसाद ढुङ्गाना

**प्रबन्ध सम्पादक**
सीता कोइराला (एनु)

**कानूनी सल्लाहकार**
अशोक कुमार 'रेशम', विष्णु लुइटेल

**चित्र तथा कला सम्पादक**
उमेशचन्द्र अधिकारी

**लेआउट डिजाइन**
किशोर महर्जन

**बजार व्यवस्थापक**
सूर्य प्रसाद रेग्मी, अम्बिका कुँवर

**मुद्रण**
सगुन प्रिन्टर्स एण्ड सप्लायर्स प्रा.लि.
बानेश्वर, काठमाडौं
mediamessage2@gmail.com,

## सम्पादकीय

# राष्ट्रियताको चिन्ता किन गर्ने ?

भाइबहिनीहरू ! मानिस चेतनाकै कारणले अरु प्राणीभन्दा विशिष्ट र उच्च मानिएको छ । अरु प्राणीले आफ्ना लागि मात्र सोच्छन् भने मानिस अरुका लागि पनि सोच्छ । अरु प्राणी तत्कालको आवश्यकता पूरा गर्न मात्र खोज्छन् भने मानिस धेरै पछिसम्मका लागि सोचेर काम गर्छ । मानिसलाई अरु धेरै आवश्यकता सँगै स्वाभिमानको पनि उत्तिकै आवश्यकता छ । स्वाभिमान कमजोर भयो भने मानिस जस्तो सुकै मूल्य चुकाउन पनि पछाडि पर्दैन । स्वाभिमान व्यक्तित्वसँग, परिवारसँग, धर्मसँग र सबैभन्दा बढी राष्ट्रियतासँग जोडिएको हुन्छ । त्यसैले हरेक व्यक्तिले आफ्नो सुरक्षासँगै राष्ट्र र राष्ट्रियताको सुरक्षामा विशेष ध्यान दिएका हुन्छन् ।

भाइबहिनीहरू ! राष्ट्र र राष्ट्रियता भन्ने कुरा असाध्यै संवेदनशील विषय हो । झट्ट हेर्दा राष्ट्र र राष्ट्रियताले के फाइदा हुन्छ र जस्तो लाग्छ तर चेतनशील व्यक्तिले सबैभन्दा धेरै चिन्ता गर्नुपर्ने विषय भनेकै राष्ट्र र राष्ट्रियताको हो । मानिसको अस्तित्व राष्ट्र र राष्ट्रियतासँग जोडिएको हुन्छ । परिचय नै राष्ट्रियतासँग जोडिएको हुन्छ । राष्ट्रियता भनेको केवल माटो, ढुङ्गा वा प्राकृतिक र भौगोलिक सीमाको विषय मात्रै होइन । जातजाति, भाषा, धर्म, संस्कृति परम्परा, रीतिरिवाज, चाडपर्व जस्ता विषय पनि राष्ट्रियताकै अभिन्न अङ्ग हुन् । राष्ट्रियताको रक्षाका लागि नै विश्वमा सबैभन्दा धेरै लडाईं र झगडा भएका छन् । विश्वका सबै शासकहरू राष्ट्रियताकै कारण चर्चित हुन्छन् । विकासको दौडादौड पनि राष्ट्रियताको विषय बन्छ । राष्ट्रियताका विषयमा हाम्रा नेपाली पुर्खाले विश्वमा गोर्खाली भनेर नाम कमाएका हुन् ।

भाइबहिनीहरू ! एकैछिनको व्यक्तिगत लाभलाई बिर्सेर जसले राष्ट्रिय स्वार्थका लागि आफ्नो स्वाभिमान समर्पण गर्छ । त्यसैलाई राष्ट्रको सच्च सपूत भन्छन् । त्यस्तै व्यक्तिलाई राष्ट्रले आफ्नो सच्चा पहरेदार सम्झन्छ ।

ठेगाना: बालसिर्जना मासिक, अनामनगर, काठमाडौं फोन/फ्याक्स: ०१-४४२५१५२ पो.ब.नं.२३४६६ E-mail: balsirjana@gmail.com, mediamessage2@gmail.com, मूल्य ५०, वार्षिक मूल्य ५००/-, दुई वर्षका लागि १,०००/- आजीवन सदस्य २१००/- रहने छ ।

# भेषजराज साहित्य प्रतिष्ठानद्वारा पुरस्कार एवं सम्मान अर्पण

स्याङजाको वालिङमा स्थापित भेषजराज साहित्य प्रतिष्ठानले साहित्यकार मित्रलाल पंज्ञानी र चिन्तु गिरीलाई पुरस्कार तथा सम्मान अर्पण गरेको छ । प्रमुख अतिथि नेपाल प्रज्ञा प्रतिष्ठानका सदस्य सचिव प्रा. जगतप्रसाद उपाध्याय प्रेक्षितले सो पुरस्कार प्रदान गर्नुभएको हो । कार्यक्रममा विशिष्ट अतिथि प्रा.डा. हेमनाथ पौडेल, वालिङ नगरपालिका उपप्रमुख कल्पना तिवारी, पूर्वमन्त्री एवम् साहित्यकार त्रिलोचन ढकालले प्रतिष्ठानले पुरस्कृत र सम्मानित गरेका दुवै स्रष्टा योग्य रहेको चर्चा गर्दै प्रतिष्ठानका गतिविधिहरूको निरन्तरताको कामना गर्नुभयो । अर्का अतिथि प्रा.डा. जगदीशचन्द्र भण्डारीले पुरस्कृत र सम्मानित दुवै व्यक्तित्वले नेपाली साहित्यमा छन्दोबद्ध शैलीमा विशिष्ट योगदान दिएको बताउनु भयो । पुरस्कृत व्यक्ति मित्रलाल पंज्ञानी र सम्मानित व्यक्ति चिन्तु गिरी, इलाका प्रशासन वालिङका प्रमुख दामोदर शर्मा, साहित्यकार देवीप्रसाद वनवासी, साहित्यकार देवेन्द्र लम्साल, सूर्यप्रसाद डुम्रे, पत्रकारहरू तोलाकान्त बगाले, राधाकृष्ण डुम्रे, जोगराज पाठक लगायतले रचनासहित शुभकामना मन्तव्य व्यक्त गर्नु भएको थियो । प्रतिष्ठानका सचिव श्यामप्रसाद ढुङ्गानाले संचालन गर्नुभएको सो कार्यक्रममा २२ जनाभन्दा बढी साहित्यकारहरूले आफ्ना रचना वाचन गरेका थिए ।



# वरिष्ठ कवि एवम् समालोचक अभि सुवेदी

अभि सुवदी नेपाली साहित्यका चर्चित व्यक्ति हुन् । यिनको जन्म नाम अभिनारायण सुवेदी हो । यिनको जन्म वि.सं. २००२ सालमा तेह्रथुम जिल्लाको साबला गाउँमा माता रमा सुवेदी र पिता भाष्कर सुवेदीका कोखबाट भएको हो ।



अभि सवेदीले पाँच वर्षको उमेरदेखि पाँच कक्षामा पढ्दादेखि नै कविता लेख्न शुरु गरेका हुन् । कविता लेख्ने, गीत गाउने, मादल बजाउने यिनका सानैदेखिका रहरका विषय हुन् । अभि सुवेदी गीत लेख्न र गाउन, नाटकमा अभिनय गर्न जिल्लामा परिचित थिए । यिनले कविताबाट लेखन आरम्भ गरेका भए पनि समालोचना र निबन्धमा यिनी बढी कलम चलाएका छन् ।

अभि सुवेदीले त्रिभुवन विश्वविद्यालयबाट अङ्ग्रेजी विषयमा एम.ए. र पिएच.डी गरेका छन् भने बेलायतबाट भाषा विज्ञानमा एम. ए. गरेका छन् । अभि सुवेदीले नेपाली र अङ्ग्रेजी दुबै विषयमा बराबर कलम चलाउन सक्ने व्यक्ति हुन् । नाटक, निबन्ध, कविता, समालोचना, विचार र संस्मरण गरी उनका दुई दर्जनभन्दा बढी ग्रन्थ प्रकाशित छन् । यिनका महत्त्वपूर्ण कृतिमा चिरिएका साँझ (नाटक), उत्तरवर्ती कालखण्ड (निबन्ध), तीन नाटक (नाटक), निबन्ध र टुँडिखेल (निबन्ध), पाँच नाटक (नाटक), कार्पेट टाँगिएको आकाश (निबन्ध), शब्द र चोट (कविता संग्रह), माध्यम र रचना (समालोचना), पाश्चात्य काव्य सिद्धान्त (समालोचना), सिर्जना र



आफ्नो इच्छाअनुसारको नियम बनाउने शासक अत्याचारी हो ।

मूल्याङ्कन (समालोचना) जस्ता कृति उनले नेपाली भाषामा लेखेका छन् । यिनले अङ्ग्रेजी भाषामा लेखेका कृतिमा पोएम्स अफ द सेन्चुरी, भ्वाइसेस फ्रोम नेपाल, मानस, वियण्ड बोर्डर्स आदि छन् । उनी अनुवाद र सम्मादनमा पनि सिद्धहस्त छन् । उनी पछिल्लो समय नाटकमा धेरै सक्रिय भएका छन् । विश्वका दर्जनभन्दा बढी देशमा यिनले आफ्ना नाटक प्रस्तुत गरेका छन् ।

अभि सुवेदी प्रतिभाशाली र मिहिनेती लेखक, नाटककार, समालोचक, निबन्धकार एवं कविका रूपमा प्रसिद्ध रहेका छन् । पछिल्लो समय लोकसाहित्यको संकलनमा पनि यिनले विशेष जोड दिएका छन् । उनको साधना, अध्ययन र चिन्तनले धेरैलाई प्रभाव पारेको छ । पत्रपत्रिकामा यिनका धेरै लेखहरू प्रकाशित भैरहेका छन् । सामान्य लेखकदेखि बौद्धिक तहसम्म यिनका रचना, लेख र चिन्तनको उत्तिकै चर्चा हुन्छ ।

## *विशेष प्रकाशकीय...*

**आदरणीय पाठक, विज्ञापनदाता र शुभचिन्तकहरू !**

**बालअधिकार, शान्ति र बालबालिकाको सिर्जनामा समर्पित हुँदै बालसिर्जना मासिकको यात्रा शुरु भएको हो । बालबालिकाका लागि यिनै उपयुक्त रचना प्रकाशन गर्ने उद्देश्यमा कुनै कमी हुन दिएनौं । यसरी प्रकाशित हुने रचनाहरू बालबालिकाले पनि लेखे र पाका उमेरका साहित्यकारहरूले पनि लेखे । ज-जसले लेखे सबै सामग्री बालबालिकाकै हितका लागि लेखिएका हुन् र छापिएका हुन् ।**

**विज्ञापन उपलब्ध गराएर गुन लगाउने संघ संस्था र व्यक्तिहरूप्रति आभारी छौं । अबको युग सूचना र सञ्चारको युग त हो नै पछिल्लो समय प्रविधिले पनि राम्रैसँग फड्को मारिसकेको छ । प्रविधिलाई पछ्याउने क्रममा बालसिर्जना मासिकले असोजदेखि www.balsirjana.com शीर्षकमा वेवसाइडमा प्रवेश गरेको छ । राष्ट्रिय अन्तराष्ट्रिय समाचार, साहित्य, चित्रलगायतका सामग्रीलाई वेवसाइड मार्फत् हेर्न र पढ्न सकिनेछ । बालसिर्जना मासिकका सबै अङ्क र पेजहरूलाई भउबनभ मार्फत् हेर्न सकिने छ । यसका लागि पनि सबैको सल्लाह र सुझावको हामीले अपेक्षा गरेका छौं । बजार व्यवस्थापनलाई अझ व्यवस्थित गर्दै जाने लक्ष्य राखेका छौं ।**

**आगामी दिनमा पाठक, विज्ञापनदाता र शुभचिन्तकहरूको माया, सल्लाह र सहयोगका लागि हामी आशावादी छौं ।**

***बालसिर्जना मासिक***

## साथी

साकुरा उप्रेती
कक्षा ४
राष्ट्रिय मा.वि., कास्की


भनुँ भने के भनुँ आफ्नै साथी हो ।
नभनुँ भने पोल्छ छाती जिन्दगीको ।
घाम छाया जीवनमा मिल बोल साथी ।
हामी मिली उठाउनु पर्छ यो देशलाई माथि ।
हाँसी खुशी रम्न पर्छ हामी नानीले
हामीलाई खुशी राख्छ राम्रो बानीले ।
साथी साथीमा कहिले काहीँ झगडा पर्छ ।
झगडाले हामीलाई नराम्रो अनुभव गर्छ ।



## मेरो प्यारो देश

अनुराधा धिताल
कक्षा ५
साउथ वेर्ष्टन स्कूल, गोंगबु

आजभोलि यस्तो लाग्छ, झुकेको छ देश मेरो
परदेशीको दिलमा पनि दुखेको छ देश मेरो
हाम्रो गौरव गाथा के हो धेरैलाई थाहै छैन
सगरमाथा हाम्रो आफ्नै लुकेको छ देश मेरो ।।
चोर बस्छन् चौतारीमा, सज्जन पाउँछ शुली
असक्त र निमुखालाई, झुकेको छ देश मेरो ।
कोही पुगे, कोही मंगल धाउँछन् हेर सबै
सधैं भरी कुर्सी पाउँन ढुकेको छ देश मेरो ।।



# हल्लाको शक्ति

कुनै वनमा एउटा खरायो थियो । त्यो खरायो आफूलाई निकै ध्यानी तथा तपस्वी ठान्दथ्यो । ऊ विभिन्न कुराहरूले कल्पना गर्दथ्यो । एक दिन ऊ वरको रूखमुनि बसेर ध्यान गरिरहेको थियो । अचानक उसको मनमा एउटा विचार आयो ।

यदि पृथ्वी भासियो भने के होला ? सोच्दासोच्दै उसले अनौठो आवाज सुन्यो । ऊ निष्कर्षमा पुग्यो कि साँच्चै पृथ्वी भासिँदै छ । ऊ बेपर्वाहसँग दौडिन थाल्यो । खरायो दौडिएको देखेर



अरू खरायोले सोधे, "ए दाजु ! किन दौडिएको यसरी ? "अब पृथ्वी भासिँदै छ, खतरा खतरा, अब सबै भाग " खरायो चिच्यायो र दौडियो । उसको पछि पछि अरू सबै खरायोहरू पनि दौडिन थाले ।

खरायोहरू दौडिएको देखेपछि घोडा, मृग, हात्तीलगायत सबैले त्यसको जानकारी पाए । वनभरी त्यसको होहल्ला फैलिसकेको थियो । त्यसकारण चारखुट्टे मात्र होइन, पक्षी, कीरा आदि सबै दौडिन थाले ।

त्यो अचम्मको दृश्यलाई पहाडको चुच्चोमा उभिएर हेरिरहेको थियो एउटा सिंह । "हैन के भयो आज वनमा ?" ऊ पनि सोचमा पऱ्यो र तत्काल दौडिरहेका जनावरहरूको हुलमा आइपुग्यो ।

"तिमीहरू यसरी कहाँ जान दौडिरहेका छौ हँ ?" सिंहले सोध्यो । जनावरहरू रोकिएनन् । नरोकिइकनै एउटाले जवाफ दियो, "पृथ्वी फाट्दै छ अरे, हामी सुरक्षाका लागि अन्यत्र जान दौडिदै छौं" जनावर हरूको कुरा सुनेर सिंह छक्क पऱ्यो । "यो पक्कै पनि कसैले चलाएको बेतुकको हल्ला हुनुपर्छ" सिंहले मनमनै सोच्यो ।

सानो होस् वा ठूलो होस् वा काम गर्दा प्रयत्नले गर्नुपर्दछ यो सिक्नु सिंहबाट मनुष्यले ।

"ए जनावरहरू हो ! रोकिऊ" सिंह सकेको स्वर निकालेर चिच्यायो। सिंहको ठूलो स्वर सुनेर सबै जनावर रोकिए। "कसले भनेको पृथ्वी भासिँदै छ भनेर ?" सिंहले प्रश्न गऱ्यो।

"मलाई त बाँदरले भनेको" एउटा सुगाले जवाफ दियो। जब सिंहले बाँदरलाई सोध्यो तब उसले बाघलाई देखायो। बाघलाई सोधेपछि बाघले हात्तीलाई देखायो। हात्तीले भैसींलाई देखायो। यसै गरी पोल खोल्दै जाँदा अन्तमा खरायोको टोली समातियो र अन्ततः त्यही ढोगी खरायो पनि समातियो।

सिंहले त्यो खरायोलाई पृथ्वी भासिएको कसरी अनुमान गरिस् भनेर केरकार गऱ्यो। उसले आफूले सुनेको आवाजको बयान दियो। सिंहले सबै जनावहरूलाई लिएर त्यसै स्थानमा पुऱ्यायो। त्यहाँ त पाकेको नरिवल खस्दै रहेछ। जब नरिवल खसेर चट्टानमा पर्थ्यो तब केही भासिएजस्तो आवाज आउँथ्यो। यो रहस्य पत्ता लागेपछि सबै जनावर चकित भए।

"सबै आआफ्ना निवासमा फर्क। अब आइन्दा यस्ता कुराको हल्ला आएपछि वास्तविकता जाँच गरेर मात्र पत्याउने गर" सिंहले आदेश दियो। सबै जनावर लाज मान्दै आआफ्ना गुँडमा फर्के।

*शिक्षा : कागले कान लग्यो भनेर कुद्नु पहिले कान छाम*



# School

Sadikshya Sijapati
St.xavier School.
Class : 7

School, School School is my place
Where i read and get educate
School is the place where i learn
School is the place where i own

School is full of Knowledge
A full activities are joining here
My school is best every year
school school, school is my place
where i learn and get educate

My school name is St. Xaviers
By reading there i become xavierian

School School is my place
where everything is just like a race
My School is lovely School
St.xaviers is name
Where read and keep this name.

Every teachers are Respectfull here
Every youngers are lovely here.
school school school is my place
Where i read and get educate.

# आमा

राधिका गिरी
जनता उच्च मावि.
कक्षा ६

आमा हुन् जननी हाम्री
आमा हुन् स्नेह सागर ।
आमाको ममताभन्दा
उच्च पो अरु को छ र !

दुःखकष्ट सही आफू
सुख आनन्द बाड्दछिन् ।
आफ्ना सन्तानका निम्ति
भोक र निद त्याग्दछिन् ।।



आमाको ममताले नै
सारा सन्तति बाँच्दछन् ।
आमाको प्रेरणा पाई
उन्नति पथ लाग्दछन् ।।

भुल्नु हुँदैन कहिल्यै
हामीले आमाको गुण ।
तिर्न सक्दैनौं कहिल्यै
हामीले त्यो मातृऋण ।।

# किन बिहान उठ्दा मुख गन्हाउँछ ?

हामी जागेको बेला हाम्रो मुखभित्र र्‍याल निरन्तर रूपमा बगिरहेको हुन्छ। यसले हाम्रो मुखलाई सफा राख्छ र गन्हाउनबाट जोगाउँछ । तर, हामी निदाईरहेको समयमा मुखभित्र र्‍याल उत्पादन हुने काम अति ढिलो हुन्छ, जसको कारणले मुखभित्रको अक्सिजनको मात्रामा कमी आउँछ । यसले गर्दा बाँच्नुको लागि अक्सिजन नचाहिने एनेइरोविक ब्याक्टेरियाहरू हाम्रो मुखभित्र सक्रिय हुन थाल्छन् । यी ब्याक्टेरियाहरूले सल्फर उत्पादन गर्छन् । यही सल्फर मुख गन्हाउनुको प्रमुख कारण बन्छ । प्याज खाँदा पनि हाम्रो मुख अत्यन्त गन्हाउँछ, किनकी प्याजमा पनि सल्फर पाइन्छ । यदि तपाईले आफ्नो खानामा प्याजको मात्रा घटाउनुभयो भने मुख गन्हाउन कम हुन्छ । त्यस्तै हामी निदाइरहँदा हाम्रो नाकभित्रको म्युकस बाक्लो हुन्छ भने जिब्रो घाँटीतर्फ फर्कन्छ । यसको कारणले ब्याक्टेरियाहरू हाम्रो मुखभित्र सजिलै छिर्न सक्छ। त्यसैले सुतिरहेको बेला हाम्रो मुख गन्हाउँन थाल्दछ।


## इटहरी विद्युत् प्राधिकरणको अनुरोध

नेपाल विद्युत प्राधिकरण लोडसेडिङ् न्यूनिकरण गर्दै ग्राहक वर्गहरूमा नियमित विद्युत आपूर्ति हुने गरी आपूर्ति र माग व्यवस्थापन गर्न प्रयासरत छ। बढ्दो चिसो तथा सुख्खायामको कारण नदीहरूमा पानीको वहाव कम हुन गई विद्युत उत्पादनमा कमि हुने भएकोले विद्युतको माग व्यवस्थापनको लागि तपसिल अनुसारको कार्य गरी/गराई देशलाई लोडसेडिङ्ग मुक्त गराउने ने.वि.प्रा.को अभियानमा सहयोग पुर्‍याई दिनुहुन सम्पूर्ण ग्राहक महानुभावहरूमा नेपाल विद्युत प्राधिकरण हार्दिक अनुरोध गर्दछ।

**नेपाल विद्युत् प्राधिकरण**

इटहरी, सुनसरी


# बालबालिकालाई पढ्न पठाऔं
# उनीहरूको भविष्यलाई सुनिश्चित बनाऔं ।



**नेपाल सरकार**

## सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग






अन्यबाट होइन कर्मबाट मानिस शुद्र वा ब्राह्मण जातिका हुन्छन् । -गौतम बुद्ध

# पापको परिणाम

मुक्तिनाथ शर्मा नेउपाने

भावना नाम गरेकी एउटी नानी थिइन। ऊ कक्षा पाँचमा पढ्दै थिइन । भावना नाम जस्तै भावनामा डब्थिन् । कुनै नौलो कुरा उनका कानमा पर्दा सतर्कतापूर्वक सोच्दथिन् । बिषय आफ्नै जीवनको अथवा आँफैसँग सम्बन्धित हो जस्तो मान्थिन् । विद्यालयमा गुरुहरूले पढाएको बिषय होस् वा कतै सुनेको बिषय होस् गम्भीरताका साथ लिन्थिन् ।

एकदिन भावनाको कक्षामा नेपाली बिषय पढाउने गुरुआमाले रमाइला रमाइला कुरा गर्दै हुनुहुन्थ्यो एकजना विद्यार्थीले उखान टुक्काका कुरा निकाले। गुरु आमा पनि त्यतै लहसिनु भयो। अनेक उखान र रहस्य खोतल्दै रमाइलो थप्दै गर्न थालियो। एक जना विद्यार्थीले एउटा उखान निकाले। " पाप धुरीबाट कराउँछ भनेको के हो ?"

त्यो टुक्काका बिषयमा अनेक रमाइला कुरा भए। उदाहरणका लागि गुरु आमाले एउटा कथा नै भन्नुभयो। कथा यस्तो थियो :-

एउटा गाउँमा एउटा परिवार थियो। परिवारमा आमा हुनुहुन्थ्यो । छोरा बुहारी अनि सानी छोरी अर्थात नातिनी थिइन्। एउटा सानु छोरो अर्थात नाति पनि थिए। जम्मा पाँच जना थिए। त्यो घरका छोरा बुहारीले आमालाई नसहन थाले। झगडा हुदै जाने भयो । आखिर आमाले छोराको घर नबिग्रोस भनेर



आँफै घर छाडेर जानु भो। कहाँ जानु भो खोजि नै भएन। अब घरमा एउटी छोरी र एउटा सानु छोरा मात्र रहे। सानु परिवार खुसी परिवार भएको ठानी रमाएरै रहेका थिए। छोरी राम्री र बाठी निस्किइन्। राम्रै म भयो तर उनको भाइ अर्थात् छोरो चाही लाटो भयो। बोली नै फुटेन। स्वस्थ छ, बलियो छ तर बोली छैन।

बाबामामुलाई त पिर पर्ने नै भयो । छोरी अर्थात् दिदी भावना पनि चिन्ताले ग्रस्त भइन ।

छोरो बोलोस् भनेर धेरै तिर धाइयो । कैयौं डाक्टरको उपचार गराइयो तर केटो बोल्न सकेन बोलेन ।

एकदिन तिनीहरूका घरमा एउटा सज्जन बास बस्न आए । उनले सबै कुरा बुझ्रेपछि सोधे "तपाईंहरूले आफ्ना आमा बा तथा कोही बुढाबुढीको अपमान गर्नु भएको थियो र यस्तो भएको हो कि । किनभने कहिले कहिले पाप धुरीबाट पनि कराउँछ भनिन्छ । यो भनेको थाहै नपाइ पापीले सजाय भोगेको हुन्छ । यदि त्यस्तो गरिएको छ भने सम्झनोस् र तुरुन्त प्रायश्चित्त गर्नु होस । गएर माफ माग्नोस् । यसो गर्नै पर्दछ । त्यसो गर्नुभयो भने बच्चाको बोली फुट्न पनि सक्छ । यस्तोमा अनौठाको रहस्य लुकेको पनिहुन सक्छ ।"

सज्जनका कुरा सुनेपछि दम्पतीको ज्ञान खुल्यो । झसक्क झस्के । केही भन्न भने सकेनन् । सानीनानीले त भनि नै दिइन "हो हो उहाँहरूले हजुर आमालाई घरबाट निकाल्नु भएको छ । हजुर आमा रुँदैरुँदै जानु भएको हो घरबाट । कहाँ हुनुहुन्छ मलाई त थाहा छैन ।"

सज्जनले भने "पाप धुरीबाट कराउँछ भनेको पनि यस्तै बिषय हो । आमाको अपमान गर्नु भयो छोरो लाटो भयो । यस बिषयले तपाईंहरूलाई जिन्दगी भर रुवाउँछ । त्यसैले आमाकहाँ हुनुहुन्छ तुरुन्त खोजेर ल्याउनुहोस् । माफी माग्नोस् पाउपर्नोस र आइन्दा त्यसरी अपमान नगर्नुहोस् । बृद्धबृद्धा त्यसमा पनि आमा बा माथिको अपमान सारै ठूलो अपराध हो । यसले त कहाँ गएर कसरी टोक्दछ थाहै हुँदैन । त्यसमा प्रायश्चित गर्नु भयो भने सायद बाबुको बोली फुट्छ । नफुटे पनि अरु आपत्ती नआउलान् । अन्यथा के के हुन्छ भन्न सकिदैन ।"

गुरुआमाले कथा सक्नु भयो । भावना आत्तिइन । किनभने यस्तो अवस्था उनका घरमै थियो । उनकी हजुर आमा एउटा अनाथालयमा दुःख कष्ट व्यहोर्दै हुनुहुन्थ्यो । यता भाइ लाटो निस्केको थियो । पाप धुरीबाट त उनकै घरमा कराएको रहेछ ।

भावनालाई कहिले घर पुगूँ र यो कुरा बाबालाई भनौं जस्तो भयो । पाले दाइले घण्टी बजाउना साथ दौडदै घरतिर लागिन । साथीलाई पर्खिनन् ।

घर पुगेर कथाको सार बाबा आमालाई बताइन । भावनाका बाबा आमा दुवै तुरुन्तै आमालाई लिनजानु भयो । भावना प्रतीक्षामा रहिन् ।

# सामान्य ज्ञान

१. मैले देखेको दरबार नामक पुस्तकका लेखक को हुन् ? - विवेक शाह

२. नेपालको सबैभन्दा अग्लो स्थानमा बनेको झोलुंगे पुल कुन हो ? - पर्वतको मोदीखोलाको पुल

३. माओवादीको जनयुद्ध कहिले अन्त्य भयो ? - वि.सं. २०६३ कार्तिक २२ गते

४. नेपालका अन्तिम राष्ट्रिय विभूति को हुन् ? - फाल्गुनन्द

५. नेपालमा पाईने जडिबुटीको संख्या कति प्रकारका छन् ? -७५० प्रकार (१३ दुर्लभ)

६. मानिसकको कानको कति डेसिबलसम्मको आवाज सहन्छ ? - ६५ डेसिबल

७. नेपालको सबैभन्दा पुरानो स्तूप कुन हो ? - स्वयम्भूनाथ

८. जनकपुरको जानकी मन्दिर कसले निर्माण गरेका हुन् ? - वृषभानु कुमारी

९. शीतल निवासको निर्माण कसले गरेको हो ? - कृष्ण शमसेर

१० प्राचीनकालमा अध्ययन गर्ने महिलालाई के भनिन्थ्यो ? - ब्रह्मचारिणी


११. मल्लकालमा प्रधानमन्त्रीलाई के भनिन्थ्यो ? - चौतारा

१२. पोल्याण्डको राजधानी कहाँ हो ? - वार्सा

१३. कालमार्क्स कुन देशका नागरिक थिए ? - जर्मन

१४. नेपालको पहिलो महिला उपप्रधानमन्त्री को हुन् ? - शैलजा आचार्य

१५. महाभारतमा आँखामा पट्टी बाँधेर बस्ने महिला को हुन् ? - गान्धारी



## कुकुरलाई नै सोधेको

एकजना व्यक्तिले एउटा कुकुर लिएर आइरहेको बेलामा उसलाई एउटा मानिसले सोधेछ- तपाईं यो बाँदर लिएर कहाँ जान लाग्नु भएको हो ?

मानिसले भन्यो- तेरो आँखा फुटेको छ र ! यस कुकुरलाई बाँदर देखिस् ।

मानिसले जवाफ दियो- मैले पनि तपाईलाई हैन कुकुरलाई नै सोधेको महाशय ।

## खोलेकै छैन

ग्राहक : साहुजी, एक प्याकेट नुन दिनुहोस् न

साहुजीः हिजो मात्र तपाईले एक प्याकेट नुन लानुभएको होइन ?

ग्राहक : हो, तर तपाईले खुल्ला नराख्नु भन्नु भएकोले मैले नुनको प्याकेट खोलेकै छैन ।

## त्यसैले होला

सीता : (आफ्नो साथीसँग) तिम्रो बुबा किन त्यस्तो कालो भएको हँ ?

रीताः मेरो बुबा कोइलाखानीमा काम गर्नुहुन्छ नि त त्यसैले ।

रीताः अनि तिम्रो बुबा चाहिँ किन त्यस्ता सेता नि ?

सीताः मेरो बुबा मैदा कारखानामा काम गर्नुहुन्छ त्यसैले होला ।

## चोरको मेहनत



घरमा चोर पस्यो । घरकी मालिक्नीको निद्रा खुल्यो । चोरले उनलाई हिर्काउन लौरो उचाल्यो ।

तब घर मालिक्नीले भनिन् : मलाई नहिर्काऊ । तिमी जे चाहन्छौं त्यही लैजाउ ।

चोरले भन्यो : यस्तो हुन सक्दैन । कुटाई त खानै पर्छ ।

घर मालिक्नी : किन ?

चोर : किनभने हामी मेहनको कमाई मात्र खान्छां ।

दीपावली एवम् छठपर्वको सुखद् उपलक्ष्यमा
सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय

**शुभकामना**

व्यक्त गर्दछौं ।

**IMPERIAL BANQUET**
Itahari, Halgada

स्थानीय सरकार
मध्यपुर थिमि नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
मध्यपुर थिमि, भक्तपुर
३ नं. प्रदेश, नेपाल

खुल्ला क्षेत्रमा आगो बाल्दा फोहोरमैला र प्लाष्टिकजन्य फोहोरसमेत जलाईने हुँदा त्यसबाट निस्कने धुवाँले जन स्वास्थ्यमा प्रतिकूल असर गर्ने हुनाले मध्यपुर थिमि नगरपालिका क्षेत्रभित्रका कुनै पनि स्थानमा खुल्ला रूपमा आगो नबाल्नु हुन हार्दिक अनुरोध गरिन्छ। आफूखुशी कहि कतै जथाभावि रूपमा खुल्ला क्षेत्रमा आगो बालेको देखेमा प्रचलित कानुनअनुसार कारबाही भई जाने व्यहोरासमेत अनुरोध गरिन्छ।

**मध्यपुर थिमि नगरपालिका**
मध्यपुर थिमि, भक्तपुर

दीपावली एवम् छठपर्वको सुखद् उपलक्ष्यमा
सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।




**Principal**
Triton International Sceondary School
Tinkune, Kathmandu

---

दीपावली एवम् छठपर्वको सुखद् उपलक्ष्यमा
सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय

# शुभकामना

व्यक्त गर्दछौं ।

Principle
EPS School
Minvawan, Baneshwor, Kathmandue

दीपावली एवम् छठपर्वको सुखद् उपलक्ष्यमा
सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय

शुभकामना

व्यक्त गर्दछु ।

बसन्त बानिया
सांसद
भद्रपुर, झापा



दीपावली एवम् छठपर्वको सुखद् उपलक्ष्यमा
सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय

शुभकामना

व्यक्त गर्दछु ।

गोर्खा सिमेन्ट

चारआली, झापा

दीपावली एवम् छठपर्वको सुखद् उपलक्ष्यमा
सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय

# शुभकामना

व्यक्त गर्दछौं ।

**साल्ट ट्रेनिङ कर्पोरेशन लिमिटेड**
कालिमाटी, काठमाडौं

## सूचना ! सूचना ! सूचना

खुल्ला क्षेत्रमा आगो बाल्दा फोहोरमैला र प्लाष्टिकजन्य फोहोर समेत जलाईने हुँदा त्यसबाट निस्कने धुवाँले जन स्वास्थ्यमा प्रतिकुल असर गर्ने हुनाले यस महानगरपालिका क्षेत्र भित्रका कुनै पनि स्थानमा खुल्लारूपमा आगो नबाल्नु हुन हार्दिक अनुरोध गरिन्छ । आफूखुशी कहि कतै जथाभावि रूपमा खुल्ला क्षेत्रमा आगो बालेको देखेमा प्रचलित कानूनअनुसार कारबाही हुने व्यहोरासमेत अनुरोध गरिन्छ ।

**विराटनगर महानगरपालिका**
विराटनगर, मोरङ

# परीक्षाको तयारी कसरी गर्ने ?

परीक्षाका समयमा कतिपय बालबालिकाहरू परीक्षाको कारण पढाईको धुनले गर्दा पढाईप्रति नै एकोहोरो ध्यान दिने गर्दछन् । राती धेरै अबेरसम्म पढ्ने गर्दा निद्राको कारण उनीहरूमा शारीरिक र मानसिक रूपले भने नकारात्मक असरहरू देखिने गर्दछन् । जसका कारण परीक्षाको समय मन र शरीर शिथिल हुने गर्दछ भने  कतिपय सम्झेका कुराहरू पनि बिर्सिने हुन्छ । यसर्थ परीक्षाको तयारीको नाउँमा अभिभावकले एकोहोरो पढ्ने कार्यलाई मात्र भन्दा आवश्यक मनोरञ्जन, निद्रा, भोजन, आराम सबैको उचित तालमेल एवं ख्याल गर्नुपर्दछ ।

परीक्षाको कारण बालबालिकाहरूमा उत्पन्न हुने विभिन्न प्रकारका समस्याहरू मध्य उनीहरू हतास हुनु, निराश हुनु एवं भयभित देखिनु आम विद्यार्थीहरूमा विद्यमान एकप्रकारको समस्या हो । यो समस्या हुनुको प्रमुख कारण बालबालिकाहरूलाई घर परिवार स्कूल तथा सम्बन्धित पक्षहरूबाट उचित मार्गनिर्देशन एवं हौसला र आवश्यक प्रोत्साहनको बदला विभिन्न किसिमका मानसिक प्रभावयुक्त डर, धम्की एवं अनावश्यक दवाव तथा दमन लादिनु हो, जसको कारण उनीहरूको मनोभावभित्र परीक्षा एक प्रकारको मानसिक त्रासदीको रूपमा मानसपटलमा उभिने गर्दछ । यस्तोमा बालबालिकाहरू एवं ठूलै भैसकेकाहरूलाई पनि परीक्षा भनेको त्रस्त पार्ने भूतको रूपमा मानसपटलमा स्थापित हुने गर्दछ । यो मनोवैज्ञानिक रोग विद्यार्थीहरूमा अत्याधिक रूपमा देखिने मानसिक समस्या हो । यो समस्या खासगरी अभिभावक एवं शिक्षक शिक्षिकाकै कारण बालबालिकाहरूमा बढी उत्पन्न हुने गर्दछ ।

जब बालबालिका तथा विद्यार्थीहरूको परीक्षाको समय आउने गर्दछ त्यस्तो अवस्थामा कतिपय शिक्षक शिक्षिका एवं स्वयं घरपरिवारले पनि उनीहरूलाई राम्रोसँग पढ, फेल भईस् भने त... । फेरी यस्तो...। उस्तो अथवा पहिला भन्दा कम अंक आयो भने त... । आदि किसिमका त्रासदीपूर्ण वातावरण खडा गर्ने गर्दछन् जसले गर्दा बालबालिकाहरूको मनस्थितिमा परीक्षाप्रति एकप्रकारको त्रासपूर्ण भावना उत्पन्न हुन जाने र यसको विचार स्वरूप उनीहरू बिग्रने हो कि ...? फेल हुने हो कि...? पहिला



भन्दा कम अंक आयो भने...? आदि आदि जस्ता विषयको बढी कल्पना गर्ने र त्यसैअनुसार परीक्षामा उनीहरूको आत्मविश्वास धर्मराउने गर्दछ । फलतः परीक्षाको कारण उनीहरूमा निराशा एवं त्रासको मनोविज्ञान हुर्कन जाने एवं क्रमशः यसको उल्झन् झन् विकराल रूपमा बढ्दै जाने हुन्छ ।

# इटहरी नगरपालिकाको अनुरोध

खुल्ला क्षेत्रमा आगो बाल्दा फोहोरमैला र प्लाष्टिकजन्य फोहोरसमेत जलाईने हुँदा त्यसबाट निस्कने धुवाँले जन स्वास्थ्यमा प्रतिकूल असर गर्ने हुनाले यस नगरपालिका क्षेत्रभित्रका कुनै पनि स्थानमा खुल्लारूपमा आगो नबाल्नु हुन हार्दिक अनुरोध गरिन्छ। आफूखुशी कहि कतै जथाभावि रूपमा खुल्ला क्षेत्रमा आगो बालेको देखेमा प्रचलित कानूनअनुसार कारबाही हुने व्यहोरासमेत अनुरोध गरिन्छ।

**इटहरी नगरपालिका**

इटहरी, सुनसरी



# सडक डिभिजन कार्यालय विराटनगरको अनुरोध

- सडक हामी  सबैको साझा सम्पत्ति हो। संरक्षण गरौं।
- सडक सीमाभित्र यातायात आवागमन एवं ट्राफिक सुरक्षामा बाधा हुने र सार्वजनिक हित प्रतिकूल हुने कुन कार्य नगरौं।
- सडक तथा नालीमा जथाभावी फोहोर नगरौं।
- सडकछेउको पेटीमा निर्माण सामाग्रीहरु लगायत अन्य वस्तुहरू नराखौं।
- राजमार्ग, सहायक राजमार्गमा बालबच्चा र पाल्तु जनावरहरू जथाभावी नछोडौं।
- सबैले ट्राफिक नियम पालना गरौं। सडक प्रयोग गर्दा पूर्ण होसियार रही सभ्य रनागरिकको पहिचान दिऔं।

**सडक डिभिजन कार्यालय**

विराटनगर, मोरङ

# ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१) खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नुपर्छ। ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।

२) झ्याल ढोका खुल्ला राखौं र भिल्का निस्कने बस्तुहरू जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।

३) ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाइ सिलिण्डरमा सेफ्टी क्याप लगाइ वाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्यास विक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"

उपभोक्ताको जनहितका लागि जारी

नेपाल आयल निगम

**नेपाल आयल निगम लिमिटेड**

विराटनगर



# यात्रु महानुभावहरूलाई सूचना

भारतबाट खरिद गरी ल्याउनुभएका व्यक्तिगत तथा घरायसीलगायतका सबै प्रकारका मालवस्तुमा भन्सार महसुल लाग्ने भएकाले भन्सार बिन्दुमा आफूले ल्याएको सम्पूर्ण मालसामानहरूको घोषणा गरी लाग्ने महसुल दाखिला गरी सभ्य नागरिकको परिचय दिऊँ । लुकाईछिपाई ल्याएका, भन्सार महसुल नतिरेका मालवस्तु, सवारीसाधन जफत हुनुका साथै जरिवानासमेत हुने हुँदा त्यस्तो जघन्य अपराध नगरौँ र त्यस्तो अपराधको सूचना दिई पुरस्कृत हुने अवसर प्राप्त नगरौँ ।

**रानी भन्सार**

विराटनगर, मोरङ

# विश्वको चर्चित नोबेल पुरस्कार पाउने साहित्यकारहरू

## (सन् १९०१ देखि १९२० सम्म)

| क्र.सं. | नाम | देश | जन्म | पुरस्कृत वर्ष |
|---|---|---|---|---|
| १, | आन्द्रे गीद | फ्रेन्च | १८६९ नोभेम्बर | १९४७ |
| २, | थोमस स्टेअर्नस इलियट | अमेरिका/बेलायत | १८८८ सेप्टेम्बर | १९४८ |
| ३, | विलियम फाउन्कनर | अमेरिका | १८९७ सेप्टेम्बर | १९४९ |
| ४, | बर्टेण्ड रसेल | बेलायती | १८७२ मे | १९५० |
| ५, | पार लेगरक्विस्ट | स्वीडेन | १८९१ मे | १९५१ |
| ६, | फ्रान्कोइस माउरियाक | फ्रान्स | १८८५ अक्टोबर | १९५२ |
| ७, | विष्टन चर्चिल | बेलायती | १८७४ नोभेम्बर | १९५३ |
| ८, | अर्नेष्ट हेमिङ्वे | अमेरिका | १८९९ जुलाई | १९५४ |
| ९, | हाल्दोर किल्जन ल्याक्सनेस | आइसल्याण्ड | १९०२ अप्रिल | १९५५ |
| १०, | जुआन रोमन जिमनेज | स्पेन | १८८१ डिसेम्बर | १९५६ |
| ११, | अल्बर्ट कामु | फ्रेन्च | १९१३ नोभेम्बर | १९५७ |
| १२, | वोरिस लियोनिदोविच पास्तर्नाक | रुस | १८९० फेब्रुअरी | १९५८ |
| १३, | साल्भाटोर क्वासिमोडो | इटाली | १९०१ अगष्ट | १९५९ |
| १४, | सेन्ट जोन पर्सी | फ्रेन्च | १८८७ मे | १९६० |
| १५, | इभो आन्द्रिक | युगोस्लाव | १८९२ अक्टोबर | १९६१ |
| १६, | जोहन स्टेनबेन | अमेरिका | १९०२ फेब्रुअरी | १९६२ |
| १७, | जर्ज सेफेरिस | ग्रीक | १९०० मार्च | १९६३ |
| १८, | जाँ पाउल सार्त्र | फ्रान्स | १९०५ जुन | १९६४ |
| १९, | मिखाइल सोलोखोव | रुस | १९०५ मे | १९६५ |
| २०, | स्मुएल यूसेफ एग्नन | पोलिश/इजरायल | १८८८ जुलाई | १९६६ |

**(भाइबहिनीहरू यो श्रृङ्खला क्रमशः प्रकाशित हुनेछ है ! )**

# शिक्षकले विद्यार्थीलाई यसरी सुधार्न सक्छन्

*करणसिंह गोयला*

कुनै अभिभावक तपाईसँग आफ्ना नानीबाबुको जानकारी लिन चाहनुहुन्छ भने तपाईले कुरा शुरु गर्नुपूर्व उपर्युक्त स्थान र समय चयन गर्नुहोस् र एकचोटी लेखाई पढाईको कुरा शुरु नगरी निम्नानुसारले कुरा अगाडि बढाउनुहोस् । केही सुधारात्मक सल्लाह सुझाव पनि हुन सक्छन् तर सिधै यो नराम्रो छ, त्यो नराम्रो छ भनेर नभन्नुहोस् । अवसर मिल्यो भने विद्यार्थीलाई पनि सँगै राख्नुहोस् । ध्यान दिनुहोस् कि जुनियर क्लासका विद्यार्थी सबै काम आफैं आफ्नो जिम्मेवारीमा गर्न सक्दैनन् । उनीहरूलाई स्कूलमा शिक्षक र घरमा अभिभावकको सहयोग चाहिन्छ । बच्चासँग 'कम्प्लेन' नगर्नुहोस् केही सुधार आवश्यक छ भने सीधै अभिभावकलाई भन्ने गर्नुहोस् ।

**नानी र बाबुको व्यवहार तथा बानी**

- समूहमा मिलेर काम गर्छन्,
- सफा सुग्घर रहन्छन्
- एक अर्कामा आदर, सम्मानयुक्त व्यवहार देखाउँछन्, मिलनसार तथा इमान्दार छन्,
- आफ्नो समस्या निर्भीक भएर टक्क भन्न सक्छन्,
- आफ्नो सामानको राम्रो जत गर्छन्,
- हँसिलो/खुसिलो रहन्छन्
- नीति नियमको राम्रो ख्याल राख्छन् ।
- आफ्नो जिम्मेवारी पूरा गर्छन्,
- एक अर्कालाई ध्यान दिएर सुन्छन्,
- सन्तोष लिएर खाजा खान्छन्,
- झैं-झगडा गर्ने तथा झूटो बोल्ने गर्दैनन् ।
- सृजनशील हुन्छन् ।

# गाउँखाने कथाहरू

१. भाइ बोल्छ, दाइ बोल्दैन। कहिल्यै पनि हल्लिदैन के हो ?

२.  अगाडि हेर्दा देखिन्छ, पछाडि हेर्दा छैन के हो ?

३. अघि अघि शङ्ख बज्छ, पछि-पछि ध्वजा हल्लन्छ के हो ?

४. तरकारी खाने हरियो पात पानी नअड्ने यसको जात के हो ?

५. त्यसैको हो त्यो, त्यसैको छ त्यो के हो ?

६. थालमा नाच्दो खेल्दो, त्यसपछि घाम ताप्दो के हो ?

७. दुई पाङ्ग्रा छ साइकल होइन, दगुर्छ मोटर होइन के हो ?

८. पहाडमा पहिरो गयो ट्वार्र ट्वार्र र ध्वारध्वार के हो ?

९. तरुल भन्छन्, खान हुन्न, इँटजस्तो छ गाहो लाउन हुन्न के हो ?

१०. ढाडिएको पेट छ सधैं लडिराख्छु, आराम दिन पल्टनेलाई माथि शिर थाप्छु के हो ?

११. ढुकुर कुर्ल्यो पारि वनमा, मुजुर नाच्यो वारि के हो ?

१२. डोरीको चुल्ठो डोरीकै कान, थाप्लामा राखी गर्छन् मान के हो ?

१३. जिब्रो छ जाग होइन, नबोली बोलाउँछ लाटो होइन, दाँत छैनन् बूढो होइन के हो ?

१४. सानैमा हरियो छिप्पिदा रातो, मलाई खाने मानिसको लिन्छु सातो के हो ?

१५. आकाशको सेतो फल पातालमा झऱ्यो, झर्नासाथै बिलार्य मऱ्यो के हो ?

**उत्तरहरूः** १. घण्टाघर र धरहरा, २. ऐना, ३. कुकुर भुकेको, ४. कर्कलो, ५. सर्पको काँचुली, ६. रोटी पकाएको, ७. मोटरसाइकल, ८. घट्टमा अन्न पिनेको, ९. नेपालको नक्सा, १०. तकिया, ११. बन्दुक पड्काएको, १२. नाम्लो, १३. पुस्तक, १४. खुर्सानी, १५. असिना

# नेपालमा बालअधिकार सम्बन्धी संवैधानिक व्यवस्था

*प्रेमनारायण भुसाल*

बालबालिका भविष्यका सक्षम नागरिक रूपी फूलका सुनौला कोपिला हुन् । कुनै पनि राष्ट्रको समृद्धि वर्तमान सक्रिय पुस्ताका साथसाथै आगामी पुस्ता वा बालबालिकाको गुणस्तरमा अन्तर्निहित हुन्छ । शारीरिक विकास पूर्णरूपमा नभइसकेको तथा बौद्धिक विकासको सुरुवाती चरण बाल्यकाल भएकाले यतिखेर उनीहरूलाई स्वस्थ खाना, स्वच्छ वातावरण तथा स्तरीय शिक्षा तथा स्वास्थ्यको अवसर प्रदान गर्नुपर्दछ । हरेक बिहानीले त्यस दिनको सङ्केत गर्दछ भनेझैँ बालबालिकाले राम्रो वातावरण, असल संरक्षकत्व र स्वतन्त्रता प्राप्त गरे भने मात्र उनीहरू भविष्यमा सक्षम नागरिकका रूपमा तयार हुन सक्दछन् ।

नेपालले १४ सेप्टेम्बर १९९०मा बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिको अनुमोदन गरेपछि अन्तर्राष्ट्रिय जगत्सँग बाल अधिकारप्रति आधिकारिक प्रतिबद्धता जनाएको हो । उक्त प्रतिबद्धताको कार्यान्वयन गर्ने क्रममा बालबालिका सम्बन्धी ऐन, २०४८ को निर्माण भै २०५० सालदेखि लागू भयो । बालबालिकाको हक, हितको संरक्षण गरी तिनीहरूको शारीरिक मानसिक र बौद्धिक विकास गर्न समयानुकूल कानूनी व्यवस्था गर्ने उद्देश्यले पहिलो पटक संवैधानिक रूपमै नेपालको अन्तरिम संविधान २०६३ मा बालअधिकारको



व्यवस्था गरियो भने नेपालको संविधान २०७२ मा भाग ३ मौलिक हक र कर्तव्यअन्तर्गत धारा ३९ का विभिन्न दस उपधारामा बाल अधिकारलाई सुनिश्चित गरिएको छ । उपधारा १ ले प्रत्येक

बालबालिकालाई आफ्नो पहिचानसहित नामकरण र जन्मदर्ताको हक हुने कुरालाई सुनिश्चित गरेको छ भने उपधारा २ मा प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वांगीण व्यक्तित्व विकासको हकको व्यवस्था गरेको छ । आधारभूत शिक्षा तथा बालविकासका कार्यक्रममा सहभागिताको अधिकारलाई उपधारा ३ ले सुनिश्चित गरेको छ भने बालबालिकालाई कुनै पनि जोखिमपूर्ण काममा लगाउन उपधारा ४ ले निषेध गरेको छ। यसअनुसार कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइँदैन ।

बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न नपाइने व्यवस्था उपधारा ५ले गरेको छ भने उपधारा ६ ले कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न नपाइने व्यवस्था गरेको छ।

बालबालिकालाई भयरहित वातावरणमा रहन पाउने अधिकारलाई पनि संवैधानिकरूपमै व्यवस्था गरी दण्डरहित समाजको परिकल्पना गरिएको देखिन्छ। संविधानको धारा ३६ कै उपधारा ७ मा स्पष्ट रूपमा कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन भनिएको छ। प्रौढ व्यक्ति जस्तो कुनै मनसाय राखेर काम नगरी बालबालिकाले क्षणिक दृष्टिबाट मात्र विचार गरेर काम गर्ने तथा परिपक्व नभइसकेकाले पूर्ण दायित्व वहन गर्न पनि नसक्ने भएकाले बालबिज्याइँ वा बालबालिकामाथि भएका दुर्व्यवहारको न्यायनिरूपण गर्दा बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिनुपर्ने कुरा उपधारा ८ मा बालबालिकाको हकका रूपमा व्यवस्थित गरेको छ।

सामान्य अवस्थामा रहेका बालबालिकाका उपर्युक्त हकका अतिरिक्त असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हकलाई उपधार ९ मा व्यवस्था गरिएको छ भने उपधारा १० मा संवैधानिक हक विपरीतका कार्यलाई कानूनबमोजिम दण्डनीय घोषणा गरी बालअधिकार हननको कार्यबाट बालबालिकालाई पुगेको क्षति पीडकबाट कानूनबमोजिम पूर्ति गर्न पाउने अधिकार हक रहेको छ । उपरोक्तबमोजिम

निषेध गरिएका कार्य कानूनबमोजिम दण्डनीय हुने व्यवस्था गरी संविधानले त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानूनबमोजिम क्षतिपूर्ति पाउने हकसमेत दिएको छ।

यसरी नेपालको संविधानले बालअधिकारका अन्तर्राष्ट्रिय मूल्य, मान्यता तथा अवधारणालाई पूर्णरूपमा आत्मसात गरेको छ र यसलाई व्यावहारिक रूपमा कार्यान्वयनका लागि बालबालिकासम्बन्धी ऐन २०७५ समेत जारी गरिसकेको अवस्था छ। नेपाल आर्थिकरूपमा अविकसित मुलुक भएकाले गरिबीको रेखामुनि रहेको जनसङ्ख्या पनि निकै धेरै छ। आधारभूत आवश्यकता राज्यले पूरा गरिदिन नसक्ने तथा अभिभावकको निम्न आयस्तरका कारण कतिपय बालबालिका कुपोषण र अशिक्षाका कारण गरिबीको कुचक्रमा रुमल्लिइरहेका छन्। यस्ता बालबालिका अन्ततः शोषण तथा दुराचारको सिकार हुने सम्भावना रहन्छ। सडक बालबालिका, मगन्ते तथा कुलतमा लागेका बाहेक श्रम गरेर जीविकोपार्जन गर्ने बालबालिका तथा अशक्त अभिभावकको समेत हातमुख जोड्ने माध्यम बनेका बालबालिका विभिन्न फ्याक्ट्री, व्यापारिक प्रतिष्ठान एवम् असङ्गठित क्षेत्रका विभिन्न कार्यमा श्रम बेचिरहेका छन्। आफ्नो अधिकारका लागि आफै आवाज उठाउनसमेत नसक्ने यस्ता बालबालिकालाई उज्यालो भविष्यका लागि ज्ञानआर्जन गर्ने समयमा श्रममा लगाउनु राम्रो होइन। बाल्यावस्थामा श्रमशोषणमा परेका बालबालिकामा मनोसामाजिक समस्या देखापर्दछ। जसका कारण पछि असामाजिक र अराजक गतिविधिमा समेत संलग्न भई आफू स्वयम् र समाजलाई पनि क्षति पुऱ्याउने सम्भावना बढ्दछ। यसैले राज्यले यस्ता बालबालिकाको संरक्षण एवम् आधारभूत हकहितको व्यवस्था कानूनमा मात्र गरेर पुग्दैन, अनुगमन-नियमन तथा समस्यामा परेका बालबालिकाको उद्धार एवम् संरक्षणको प्रभावकारी व्यवस्था गर्नुपर्दछ। जोखिमयुक्त वा भविष्यमा समेत नराम्रो असर पर्ने काममा संलग्न गराउनबाट रोक्नका लागि र आधार भूत आवश्यकता परिपूर्तिका लागि राज्यले कानूनी र सामाजिक दायित्व पूरा गर्ने किसिमका संरचना तयार गर्नुपर्दछ। संवैधानिक तथा कानूनी रूपमा गरिएका व्यवस्थालाई पूर्णतः कार्यान्वयनका लागि समाजको आर्थिक स्तर र चेतना महत्त्वपूर्ण पक्ष भएकाले राज्य तथा आम बौद्धिक समुदाय जनचेतना वृद्धिका लागि सक्रिय हुनुपर्ने अवस्था रहेको छ।

# थकाली जाती

डा. बमबहादुर अधिकारी

जुम्ला सिँजाधिपति महाराज जसु शाहीको थौथा (ठरुला कान्छा) छोरा हंसराज शाहीलाई मुस्ताङको ७०० थाक क्षेत्रमा प्रशासन र अर्थ व्यवस्थापनको निम्ति खटाएर पठाइएको थियो । राजा जसु शाहीको रानीको नाम 'मालिका' थियो । उनका छोराहरू यदू, भैरो, रण र हँसराज मध्य कान्छालाई मुक्तिनाथ आश्रमतर्फ धपाई पठाउँदा यिनले आफ्नो परम्परा र धर्म संस्कृति तर्फका अनुयायीहरू फेला पार्न नसकेकाले तत्कालीन अवस्थामा जे जस्ता किसिमका जातजाति र धर्म मान्ने बसोबासी थिए तिनीहरूसँगै वैवाहिक सम्बन्ध जोडेर रहन थाले । उनै हँसराज थकाली जातिका पुर्खा मानिएका छन् । मुस्ताङको थाकखोलाका थकालीहरू बौद्ध संस्कृति तथा हिन्दू संस्कारलाई पनि अनुशरण गर्दछन् । थकालीहरूका पहिलो चार समूह शेरच, गाउचन, भट्टचन र तुलाचन हुन् भने पछिल्लो हिराचन, पन्नाचन, लालचन र ज्वारचन हुन् ।

थकाली जातिको भाषालाई तिब्बत-बर्मेली भाषा भनिन्छ । ल्हफेव, तोरन्ल, थासाङ, छेत्रुल्जी, होली (फागुपूर्णिमा) थकालीका प्रमुख चाडपर्व र मेला हुन् । बोन, बौद्ध र हिन्दू धर्मको मिश्रित धर्म संस्कृति थकाली संस्कृति हो । व्यापार, शिष्टाचार तथा इमान्दारीमा थकाली एक कदम अगाडि छ र सामुदायिक यो जातिको विशेषता हो । थकाली जातिलाई नेपाल सरकारले ५९ औं आदिवासी जनजाति मानेको छ । यसको अस्तित्व, पहचान, इतिहास, परम्परा, संस्कृति, रहनसहन र भाषा पृथक



रहेको छ । न्यून जनसङ्ख्या रहेर पनि शैक्षिक र व्यवसायिक क्षेत्रमा राष्ट्रिय तहमा यो जाति अगाडि छ ।

त्यसै क्रममा थकाली को, कहाँ, किन, कसरी, कहिले भन्ने कुरा खोजी जुम्ला पुग्ने स्थितिमा छ । व्यापार र ठेक्कापट्टामा दक्ष थकाली जातिलाई तिब्बतको चाम् उपत्यकाबाट मुस्ताङघाटी हुँदै नेपाल छिर्ने भोटे नुनले प्रख्यातिमा ल्याइदिएको थियो । अर्को कुरा नर्सिङ खोलामा पानी नुन थियो जो आजकाल पुरियो । सगोत्रमा विवाह नगर्ने थकाली जातिमा मामा चेली र फुपूचेला बीचमा विवाह चल्दछ । नाचगान, खेलकुद, घोडाचढी, चाँदमारीमा दक्ष थकालीहरु आफ्नो संस्कारमा स्पष्ट छन्, लामा, धामी, पुरोहित राख्ने थकालीहरूले नेपाली चाडपर्वहरु पनि मनाउँदै आएको छन् ।

# नेपाली शब्द–माला

| शब्द | अर्थ |
|---|---|
| तोरीको फूल फुलेको देख्नु | सहनै नसक्ने पीडा हुनु । |
| दाँत झार्नु | धम्की दिनु |
| दीर्घजीवन | लामो आयु, दीर्घायु । |
| दुर्जन | खराब मान्छे |
| दीक्षा | गुरुबाट प्राप्त हुने मन्त्र, उपदेश आदि । |
| तीन त्रिलोक देख्नु | ठूलो कष्टमा पर्नु । |
| जनविश्वास | जनतामा रहेको विश्वास । |
| क्रियाकलाप | गतिविधि, कामको स्थिति |
| कण | कुनै चीजको सानो परिमाण । |


## ग्याँस चुहावट भएमा ध्यान दिनुपर्ने कुराहरू :

१) खाना पकाउने स्थानमा एल.पि. ग्यासको तिखो गन्ध आइरहेको छ भने ग्यास चुहिएको भन्ने बुझ्नुपर्छ। ग्यास लिक भएमा पहिले रेगुलेटरको र पछि चुल्होको नव बन्द गरौं ।

२) झ्याल ढोका खुल्ला राखौं र झिल्का निस्कने बस्तुहरू जस्तै ग्याँस चुल्हो, सलाई, लाईटर, धुप आदि नबालौं । विद्युतजन्य उपकरणको प्रयोग नगरौं ।

३) ग्यास लिक भएमा रेगुलेटरलाई सिलिण्डरबाट छुटाइ सिलिण्डरमा सेफ्टी क्याप लगाइ वाहिर खुल्ला स्थानमा राखौं र यथाशिघ्र नजिकको ग्यास विक्रेता अथवा ग्यास उद्योगमा सम्पर्क गरौं ।

"सचेत र सावधान हुनु नै सुरक्षित हुनु हो ।"
उपभोक्ताको जनहितका लागि जारी

**नेपाल आयल निगम लिमिटेड**

चारआली, झापा

दीपावली एवम् छठपर्वको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय

**शुभकामना**

व्यक्त गर्दछौं ।

**Principal**
Akshara School
Kadaghari, Bhaktapur

दीपावली एवम् छठपर्वको सुखद उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय

**शुभकामना**

व्यक्त गर्दछौं ।

**Principal**
Azalea Boarding
Biratnagar-1, Pokharita

## यातायात व्यवस्था कार्यालय इटहरीको अनुरोध

खुल्ला क्षेत्रमा आगो बाल्दा फोहोरमैला र प्लाष्टिकजन्य फोहोरसमेत जलाईने हुँदा त्यसबाट निस्कने धुवाँले जन स्वास्थ्यमा प्रतिकुल असर गर्ने हुनाले यस महानगरपालिका क्षेत्रभित्रका कुनै पनि स्थानमा खुल्लारूपमा आगो नबाल्नु हुन हार्दिक अनुरोध गरिन्छ । आफूखुशी कहि कतै जथाभावि रूपमा खुल्ला क्षेत्रमा आगो बालेको देखेमा प्रचलित कानूनअनुसार कारबाही हुने व्यहोरासमेत अनुरोध गरिन्छ ।

**विराटनगर महानगरपालिका**
विराटनगर, मोरङ





**पाँचवटा फरक छुट्याऊ**

# म त नेपाली

विपिन थापा मगर
माहेन्द्रि मा.वि , गजौडे

सबैलाई भन्दछु आज मेरो काहानी ।
नेपाली छोरा भएर मेरो जात नेपाली ।।

न त मधेश, न त पहाडी, न नै हिमाली ।
विश्वमा नेपाललाई चिन्ने बनाउने म हूँ नेपाली ।।

न त हिन्दु न त बौद्धिष्ट न त किराती ।
म हूँ नेपालको भलो सोच्ने सच्चा नेपाली ।

जन्मदा  न त थियो जात, न त कुनै थर ।
जन्मने नेपालमा यही मर्ने छ ठूलो रहर ।।

सबै जनताको एउटै थर नेपाली ।
नेपालकै हितमा लागौं सबै उकाली ।।



२०७६ सालको विजयादशमी, दीपावली एवम्
छठपर्वको  सुखद् उपलक्ष्यमा सम्पूर्ण नेपाली
दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय

शुभकामना

व्यक्त गर्दछौं ।

GANGA JAMUNA HOTEL PVT.LTD.
Itahari-5 Sadana Chowk (Kalanki)
025-581527 (O), 025-588733 (R), 9852081527 (R)
E-mail: gangajamulahotel@gmail.com

# नेपालका ऐतिहासिक व्यक्तित्वहरु र तिनका उपनाम

कृष्णचन्द्र पोखरेल
पोखरा

| व्यक्तिहरू | उपनाम | व्यक्तिहरू | उपनाम |
|---|---|---|---|
| जनक | शीरध्वज | जुद्ध शमसेर | राजर्षि महाराज |
| यक्ष मल्ल | मण्डलेश्वर | त्रैलोक्य | बुलेट महाराज |
| रणवीर सिंह | स्वामी अभयनन्द | गौतम बुद्ध | एशियाका तारा |
| माथवर सिंह | कलाबहादुर | मानदेव | प्रामाणिक राजा |
| देव शमशेर | धनकुटे राजा | बाबुराम आचार्य | खरिदार बाजे |
| प्रतापमल्ल | कविन्द्र | यदुनाथ खनाल | सरदार |

कविता

# मेरो गाउँ

मौनिका गुरुङ
साउथ वेर्ष्टन स्कूल
सामाखुशी काठमाडौं

चारैतिर डाडाँकाँडा हरियाली वन
मेरो गाउँमा खेतीपाती गर्छन् सबै जना
छैन यहाँ के खाउँ के लाउँ
तल हेर कलकल गरी बगीराछ खोला ।
माथि हेर वनपाखामा गाई गोरु चरी राछ
गाउँलेहरू काम गर्छन् सबै मिलिजुली
कति राम्रा यहाँका महिला लगाउँदा नाकमा फुली
कति राम्रा यहाँका महिला लगाउँदा नाकमा फुली ।



# ब्याट्रीभित्र कुन-कुन रसायन प्रयोग हुन्छ ?

खगेन्द्रमणि घिमिरे

सामान्य प्रयोजनमा ल्याइने ब्याट्री कार्बन-जिङ्क ब्याट्री हो । यस किसिमको ब्याट्रीको बाहिरी खोल जिङ्क (जस्ता) एनोडको काम गर्छ। एनोड ऋणात्मक विद्युत् चार्जयुक्त क्षेत्र हो । जिङ्कको खोलभित्र एमोनियमक्लोराइड (NH&CI) र जिङ्क क्लोराइड ($ZnCI_2$) को पातलो तह हुन्छ, जसलाई ब्याट्रीभित्रको कार्बन र म्याङ्गानिजअक्साइड $(Mn)_2$ को पाउडरसँग कागजको एक तहले छुट्याइएको हुन्छ । यो पाउडरको बीचमा भने कार्बनको रड राखिएको हुन्छ, जुन धनात्मक विद्युत् चार्ज क्षेत्रलाई क्याथोड भनिन्छ। ब्याट्री चालु हुँदा म्याङ् गानिजले कार्बन रडबाट इलेक्ट्रोन लिन्छ भने बाहिरी खोली जिङ्कले इलेक्ट्रोन प्रवाह गर्छ । यसरी प्रवाहित




भएका इलेक्ट्रोन ब्याट्रीसँग जोडिएका तार भएर कार्बन रडमा पुग्छ। यसरी नै विद्युत परिपथ निर्माण प्रक्रिया पूरा हुन्छ।

## एकैछिन हाँसौ ल !


**च्यातेको च्यातै**

गाउँले युवक चलचित्र हेर्न चलचित्र घर जान्छ। त्यहाँ उसले काउन्टरबाट एउटा टिकट काट्छ र ढोकाभित्र नछिर्दै फेरि अर्को टिकट काट्न काउन्टतिर जान्छ।

उसले यो प्रक्रिया धेरैचोटि दोहोऱ्याउँछ। यत्तिकैमा काउन्टरको मान्छेले सोध्यो-ए दाइ, तपाई किन पटक-पटक टिकट काट्नुहुन्छ ?

गाउँले मान्छे : होइन, मैले जति टिकट काटे पनि ढोकामा बस्ने मान्छेले च्यातेको च्यातै गर्छ।

# आविष्कारक/अन्वेषण




**टेलिस्कोप**


Hans Lippershey,


Nedarland, 1608

**डिजेल इन्जिन**

**Rudolf Diesel**

**1895, Jarman**





**टेलिफोन**


**alekxender graham bel**

**1876**

**कम्प्युटर**

**Herman holerith**

**1888**



# मेरो कुकुर हरायो

प्रसिद्धि रेग्मी
कक्षा ४
डेनेव एकेडेमी

मेरो कुकुर हरायो ।
बारीमा गई करायो ।

हेर्न जाँदा बारीमा
लुके रैछ झाडीमा ॥

हिलोमा गई खेलेछ ।
मलाई ट्वाल्ल हेरेछ ॥

हेरी रहें खरायो ।
फेरी कुकुर हरायो ।



**नागरिक लगानी कोषद्वारा सञ्चालित कार्यक्रममा सहभागी भई भविष्यलाई सुरक्षित बनाऔं**

- कोषको प्रत्येक सहभागीलाई वार्षिक ९.५ प्रतिशत व्याजदरमा घर/जग्गा धितो राखी घर मर्मत गर्न, फ्लायट/घर खरिद गर्न, घरको तला थप्न र नयाँ घर निर्माण गर्नको लागि कोषले तोकेको नगरपालिकाको बजार क्षेत्रमा रु. ४० लाखसम्म कर्जा दिन सकिने ।
- कर्मचारी वचत वृद्धि स्वीकृत अवकाश कोषमा सहभागी बचत कर्ताको दुर्घटनावस मृत्यु भएमा १ लाख सम्मको दुर्घटना बिमाको व्यवस्था भएको ।
- कोषका सहभागीहरुलाई घरायसी, भैपरी आउने कामको लागि घर/जग्गा धितो राखेर सरल कर्जाको रूपमा सहभागीको आर्थिक, सामाजिक, सांस्कृतिक र पारिवारिक प्रकृतिका कार्यका लागि २० लाख रुपैया सम्म वार्षिक १०।०० प्रतिशत व्याजमा लिन पाइने ।
- वचत गरेको २ आ.ब पछि वचत रकमको ८० प्रतिशत सापटी लिम्दा वार्षिक ९ प्रतिशत व्याजदर लाग्ने
- आयकर ऐन २०५८ अनुसार छुट सुविधा पाइने ।

**नागरिक लगानी कोष**
नयाँ बानेश्वर, काठमाडौं ।
पोष्ट बक्स नं. ५८२३
फोनः ०१-४७८५३१९, ०१-४७८५३३५
फ्याक्सः ०१४७८४९४५
ई-मेलः info@nlk.org.np वेभसाइटः www.nlk.org.np

# हाम्रो अधिकार



सम्भव ढुंगाना
सगरमाथा अङ्ग्रेजी आवासीय मा.वि.
वालिङ -६,मिर्दी, स्याङ्जा

हामी साना बालबालिका पढ्छौं स्कूल आई
स्कूलमा रम्छौं हामी खेल्न पढ्न पाई
सिक्छौं हामी धेरै कुरा भविष्यकै लागि
कर्णधार बनी देश विकास गर्नलाई ॥

ज्ञानी भई पढी लेखी  घर फर्की आउँछौं
आमाबुबा गुरुबाट आशीर्वाद पाउँछौं
मनपर्छ हामीलाई घरमा पनि पढ्न
मान्यजनको स्याबासीले अझै अघि बढ्न ॥

पढी लेखी ज्ञानी बनी असल बन्नु छ
यो देशलाई विकास गरी माथि लानु छ
घरजस्तै विद्यालय हाम्रो परिवार
पढ्न लेख्न पाउनुपर्छ हाम्रो अधिकार ॥



# केही प्रचलित उखान टुक्काहरू

हात्ती छिर्‍यो पुच्छर अड्क्यो ।
हीराको मोल कीराले जान्दैन
हुने विरुवाको चिल्लोपात, नहुने बिरुवाको खम्रो पात
बालापनको हाँसो खुशी व्यवहारिकताले खायो ।
सुनारको सय चोट, लोहारको एकै चोट
सस्तो बेसाहा पेट लागी मर ।
लाटाको देशमा गाँडो तन्नेरी ।



धेरै विद्वान् प्रायः धेरै संकीर्ण विचारका हुन्छन् । – हेजलिट

## वन डिभिजन कार्यालय भक्तपुरको अनुरोध

फागुन, चैत्र र वैशाख महिनामा खडेरी तथा सुख्खाका कारण वनजंगलमा आगोलागी भई जैविक विविधताको नोक्सानी हुने प्रवल सम्भावना रहन्छ अतः वन डढेलोबाट अमूल्य वन सम्पदा बचाउन एकजुट भई आगलागी नियन्त्रण कार्यमा नागरिक समाजको सहयोगको अपेक्षा गरिन्छ।

**डिभिजन वन कार्यालय,**

भक्तपुर

फोन नं. ०१६६३०८११



## ३ नं.वडा कार्यालय मध्यपुर थिमि नगरपालिकाको अनुरोध

खुल्ला क्षेत्रमा आगो बाल्दा फोहोरमैला र प्लाष्टिकजन्य फोहोर समेत जलाईने हुँदा त्यसबाट निस्कने धुवाँले जन स्वास्थ्यमा प्रतिकुल असर गर्ने हुनाले यस क्षेत्र भित्रका कुनै पनि स्थानमा खुल्लारूपमा आगो नबाल्नु हुन हार्दिक अनुरोध गरिन्छ। आफूखुशी कहि कतै जथाभावि रूपमा खुल्ला क्षेत्रमा आगो बालेको देखेमा प्रचलित कानुन अनुसार कारबाही हुने व्यहोरा समेत अनुरोध गरिन्छ।

स्थानीय सरकार

**मध्यपुर थिमि नगरपालिका**

३ नं. वडा कार्यालय, भक्तपुर

# सूर्योदयको देश : जापान

*प्रा.डा. शोभा पोखरेल*

जापानको उत्पत्तिबारे अनेकन किंवदन्तिहरू सुन्न पाइन्छन् । नेपाललाई मन्दिरै मन्दिरको देश भनिए झैं जापानलाई पनि सूर्योदयको देश भन्नुका साथै देवता नै देवताले भरिएको देश भनिन्छ । अर्को एउटा किंवदन्तिअनुसार जापानका चार द्वीपहरूको सृष्टि इजानामी र इजानागी नाम गरेका दुईजना दिदी र भाइ (इजानागी) देवताबाट भएको हो । क्गल न्यममभकक ब्बतभचबकग को नाति ल्ष्लष्ष स्वर्गबाट झरेर जापानको क्युसु (Kyushu) टापूमा आए । निनिगीले आफूसित ल्याएका तीन वस्तुहरू आज पनि जापानको क्षउभचर्ष्ना ब्गतजयचष्तथ (शाही सम्पित्त) को रूपमा छन् । ती वस्तुहरू हुन् A bronge Mirror (The symbol of sun Goddess), Iron Sword (Susa no), / Curved jewel (Magatamis) . किंवदन्ति अनुसार नै निनिगीको पनाति आफूसँग प्रशस्त सेना लिएर क्युसु टापूबाट अगाडि बढे । समुद्रतिर बढ्दा ससाना क्षेत्रहरू जित्दै उनले ११ फरवरि ६६० इ.पू. मा यामाटोमा जापान पत्ता लगाए । यसपछि उनी दैवीय योद्धा जिम्मु (Jimmu) नामबाट प्रसिद्ध भए । यसरी जापानको इतिहास प्रारम्भ भएको हो ।



जापानको बारेमा गरिएका अध्ययन अनुसन्धानले के देखाउँछ भने जापान एशिया महादेशको पूर्वी किनारमा अवस्थित Pacific Ocean प्रशान्त महासागरको नजिक रहेको देश हो । जापानको पूर्वमा प्रशान्त महासागर पश्चिममा कोरियाका भू-भागहरू उत्तरमा शाखालिन र कुरिल द्विपहरू छन् भने दक्षिणमा Loocho (लुचो) द्वीप समूह र फर्मोसा पर्दछन् । जापानका मुख्य टापुहरू होक्काइदो (Hokkido) होन्शु (Honshu) शिकोकु (Shikoku) र क्युसु (Kyushu) हुन् । जापानमा ७१ प्रतिशत पहाड, २९ प्रतिशत उपत्यका र मैदानी भाग पर्दछ । जापानको सबैभन्दा अग्लो टाकुरा माउण्ट फुजी Mount fuzi हो

विश्वभरिकै ज्वालामुखीमा दश भागमध्ये एक भाग ज्वालामुखी जापानमै पर्छ। त्यस्तै भूकम्पको हिसाबले पनि बढी संवेदनशील मानिन्छ जापान । जापानको नाम लिँदा यसलाई टापुहरूको देश यसकारणले भन्न सकिन्छ कि जापानमा हजारौ टापुहरू छन् भने जापानको नाम लिने सिलसिलामा यस देशलाई त्जभ बिलम या च्ष्कष्लन क्गल पनि भनिन्छ । तर विश्वमा सबैभन्दा पहिले सूर्य उदाउने देश न्युजिलैण्ड हो।



जापान धर्ममा धेरै नै विश्वास गर्ने देश हो । जापानीहरूको पुरानो धर्म शिन्टो (Shinto) धर्म हो। किंवदन्तीअनुसार जापानको उत्पत्ति इजानागी नामका देवता तथा इजानामी नामको देवीको संयोगबाट भएको बताइन्छ। शिन्टो धर्म जापानको भूमिधर्म मानिन्छ। शुरुदेखि यस धर्मबारे कुनै ग्रन्थ रचिएको रहेनछ । तर समाजले गर्दा व्यवहार र चालचलन नै धर्म भएर चल्दो रहेछ। यसैले यो धर्म जुनसुकै धर्मसित पनि मिलनसार रहेको पाइन्छ। आकाश, बायु, जल, अग्नि र पृथ्वीको आराधना गर्ने गर्दा रहेछन् जापानीहरू । सूर्यनारायण भगवान्ले जापानका सम्राट निनिगो नो मिकोटो Ninigoo no mikoto लाई प्रदान गरेको धर्म हो भन्ने धारणा जापानीहरूमा रहेछ। यो शिन्टो धर्मलाई जापानीहरूले दैवीय धर्म भनेर विश्वासपूर्वक मान्दा रहेछन् । सम्राटबाट यो धर्म जापानमा शगुन (Sagun) हरूलाई, शकुनहरूबाट पुजारीहरू अर्थात् कामीलाई र पुजारीहरूबाट सर्ब साधारणमा आएको रहेछ यो शिन्टो धर्म । अतः जापानको उत्पत्ति पनि र जापानको धर्म पनि भगवान्बाटै भएको हो भन्ने दृढविश्वास भएको पाइन्छ जापानीहरूमा। प्रकृतिलाई पूजा गर्ने, हरियाली, फूल, सफा सुग्घर मन पराउने जापानीहरू नेपालको कपिलवस्तुलाई अत्यन्त पवित्र एवं पावनभूमि मान्दछन्।

२०७६ सालको विजयादशमी, दीपावली एवम्
छठपर्वको सुखद् उपलक्ष्यमा सम्पूर्ण नेपाली
दाजुभाइ तथा दिदीबहिनीहरूमा हार्दिक मंगलमय

# शुभकामना

व्यक्त गर्दछु ।

**दामोदर पुडासैनी**

दीपावली एवम् छठपर्वको सुखद्
उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय

# शुभकामना

व्यक्त गर्दछौं ।

**Principal**
NASA College
Tinkune, Kathmandu

दीपावली एवम् छठपर्वको सुखद्
उपलक्ष्यमा सम्पूर्ण नेपाली दाजुभाइ
तथा दिदीबहिनीहरूमा
हार्दिक मंगलमय

# शुभकामना

व्यक्त गर्दछौं ।

**BKVM**
**Biratnagar, Morang**

# भानुभक्त

वन्दना शर्मा
कक्षा ९
बुटवल

भानु तिमी चम्किलो तारा
सधैं चम्किरहने छौ ।
कविका तिमी आदि पुरुष
सधैं आदिकवि कहलाउने छौ ।

तिम्रा ती अथक प्रयासले
बनेछौ हामी माझ महान्
बिर्सदैनन् अझ सयौं पुस्ताले
तिमीले गरेका यस्ता योगदान

धरतीमा जन्म लिएपछि
जानु त एकदिन सबैलाई पर्छ
जानु अघि सत्कर्मको
सबैले प्रयास गर्नुपर्छ ।

यस्तो शिक्षा दिईकन
गयौं हामीबाट
कदापि पनि बिर्सने छैनौं
याद गर्छौं भानु जयन्तीबाट ।



# साधारण टेलिस्कोप


*भेषराज मैनाली*

**सामग्री** - कन्भेक्स लेन्स (२ वटा), सेतो टेप र डेन्ड्राइट

**सिद्धान्त–** टेलिस्कोपबाट टाढाको वस्तु स्पष्ट देख्न सकिन्छ । यसमा प्रयोग गरिने अब्जेक्टिभ र आइलेन्सबीचको दुरी घटीबढी गरेर फोकसिङ गरिन्छ । अब्जेक्टिभ लेन्सले बनाएको वास्तविक आकृतिलाई ठूलो र स्पष्ट पार्छ ।

**विधि–** कडा खालको कागजको वा ब्याड्मिन्टनको कक हाल्ने कागजको ट्यूब २ वटा लिनुहोस् । यी २ वटा ट्यूबमध्ये एउटा ट्यूबभित्र अर्को ट्यूब हाल्न (छिराउन) सकियोस् । २० सेमी जति फोक लेन्थ भएको अब्जेक्टिभ लेन्स र ५ सेमी जति फोकल लेन्थ भएको आइलेन्स लिनुहोस् । अब्जेक्टिभ लेन्सलाई एउटा ट्यूबको छेउमा र आइलेन्सलाई अर्को ट्यूबको छेउमा मिलाएर जडान गर्नुहोस् । आइलेन्स र अब्जेक्टिभ लेन्सलाई दुईछेउतिर पर्ने गरी एउटा ट्यूब (ढुङ्ग्रो) मा अर्कोलाई घुसाउनुहोस् । आइलेन्स आँखातिर पारी टाढाको वस्तु हेर्नुहोस् नदेखिएमा ट्यूबलाई अगाडि पछाडि चलाएर हेर्नुहोस् ।

**निष्कर्ष–** टाढा रहेको वस्तुको आकृति (Image) अब्जेक्टिभ लेन्सको केन्द्रीकरण बिन्दुतिर बन्दछ । उक्त इमेज आइलेन्सको लागि वस्तुको काम गर्दछ ।




जब आइलेन्सलाई अगाडि पछाडि सारेर केन्द्रीकरण दूरी फोकसिङ गरिन्छ तब आइलेन्सले अन्तमा आकृति बनाउँछ । जुन आकृति सुल्टो र अवास्तविक (Virtual) हुन्छ । तर यस्तो सामान्य टेलिस्कोपमा नजिकैको वस्तु केही ठूलो र उल्टिएको देखिन्छ ।

***साभार:*** *प्रयोगात्मक विज्ञान र प्रसिद्ध वैज्ञानिकहरू*


**सबै गुण सम्पन्न भएपनि एक्लो र निर्बल सधैं दुःखी भइरहन्छन् । -कौटिल्य**

# सुन्तला

दीनदयाल रेग्मी

सानो सानो रातो रातो गोलो गोलो दाना ।
बोक्रो खोल्यो खातैखात पारे जस्तै चाना ॥



काँचो खाँदा कुँड्याउँने पाके साह्रै मीठो ।
देखेपछि मुखै भरी पानी आउँछ छिटो ॥

बगैंचा र बारी कान्ला जताततै फल्छ ।
हेमन्तमा रुखै भरी आगो जस्तै बल्छ ॥

कोही भन्छन् सुन तोला तर जोख्दा धेरै ।
सुन हुन्छ बिरसिलो यो रसिलो धेरै ॥

हिँड्दै, डुल्दै बोल्दै खेल्दै खाए पनि हुन्छ ।
कोशेली र खाजा, अचार साँधे पनि हुन्छ ॥

यस्तो मिठो खाने कुरा सुन्तला हो साथी ।
पाए भने रोगीले नि मान्छन् साह्रै जाती ॥

# बालसिर्जना मासिक

## शब्द जाल प्रतियोगिता

नेपाली जातजातिका दश ओटा थरहरूको नाम पत्ता लगाऊ ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| अ | धि | का | री | रा | व | ल |
| र्या | वि | र्की | पी | ई | जि | म्सा |
| ल | श्व | म | पो | ख | रे | ल |
| ओ | क | ल | त | ना | ल | ता |
| ली | र्मा | पौ | डे | ल | के | मा |
| सि | ल | वा | ल | न | सी | ङ |
| मा | न | न्ध | र | भ | ण्डा | री |

**नियम :**

१. यसमा उल्टो-सुल्टो, तल-माथि, ठाडो-तेर्सो अक्षरबाट मिलाऊ ।

२. एउटाको उत्तर यहीं दिइएको छ ।

**(शब्दजाल प्रतियोगिताको सही उत्तर मिलाउनेलाई आकर्षक पुरस्कार दिइनेछ ।**

### बालसिर्जना मासिक शब्दजाल कुपन

नाम : कक्षा :

विद्यालय :

जिल्ला :

(आइपुग्नुपर्ने अन्तिम मिति २०७६ पुस १५ सम्म)

## कोठेपद प्रतियोगिता नं. ९९ को सहि उत्तर

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ने | पा | ल | य | म | न | न |
| त्र | मे | वि | ज्ञ | म | कु | न्द |
| बा | घ | रा | म | ह | ल | बा |
| द | ह | लो | ण्ड | म | ला | बा |
| ल | ग | न | प | ला | स | ल |
| मी | ल | न | ह | ना | य | क |
| न | जा | ति | ल | सु | न | था |

प्रतियोगिता नं. ९९ मा जम्मा ७ जनाले उत्तर पठाएकोमा २ जनाको मात्रै सही उत्तर प्राप्त भयो । यीमध्ये गोला प्रथाबाट एकजनाको छनौट गरिएको छ । पुरस्कृत हुने विद्यार्थीले २०७६ कार्तिक मसान्तसम्ममा आफ्नो परिचयपत्र सहित बालसिर्जना मासिकको कार्यालया सम्पर्क गर्नुहोला ।

**पुरस्कृत हुने नाम, ठेगाना यस प्रकार छ ।**

नामः- संगीता कार्की

कक्षाः- ८

स्कुलः- कालिका मा.वि, कास्की

# बालसिर्जना मासिक

## कोठेपद प्रतियोगिता नं. १०१

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | | ३ | ४ | ५ | ६ |
| ७ | | | | | | |
| | ८ | ९ | १० | ११ | १२ | १३ |
| १४ | | १५ | १६ | १७ | १८ | |
| १९ | | २० | | २१ | २२ | |
| २३ | २४ | २५ | २६ | | | |
| २७ | | २८ | | | | |

१. कोठेपद कुपन सहित पठाउनु पर्नेछ।
२. फोटोकपीलाई मान्यता दिईने छैन।
३. स्कूलका विद्यार्थी सहभागी हुन पाउनेछन्।
४. केरमेट भएको कुपन स्वीकार गरिने छैन।
५. पुरस्कार लिन आउँदा परिचय पत्र अनिवार्य छ।
६. पुरस्कार सम्बन्धी निर्णय बालसिर्जनाले गर्नेछ।

**कोठेपद कुपन**

नाम : कक्षा :

विद्यालय :

जिल्ला :

**तेर्सो**

१, विवाहमा बजाउने बाजा ४
३, सीता ३
५, जालसाजीको कागत २
७, नराम्रो काम गर्ने ३
८, किताब ३
११, एउटा राशी २
१५, मीठो नभएको ३
१९, आँखा ३
२३, मन्दिर ४
२५, भाका २
२६, वन्यजन्तु/ कविताको विश्राम २
२७, नामको इज्जत जानु ४
२८, नाम राख्ने काम ५

**ठाडो**

१, धेरै बल भएको मान्छे ५
२, संसारकै धेरै पानी पर्ने ठाउँ ४
४, तिथिको नवौं दिन ३
५, कीर्ति गाउनु ३
६, पूर्वको एउटा जिल्ला ४
७, समाधान गर्नु २
९, महिलाको वक्षस्थल २
१०, सानो किरा ३
११, स्वादिलो २
१२, कुलो ३
१३, थुमकामा बस्ने ४
१४, मानगृहको निर्माण गर्ने राजा ४
१७, तराईको एउटा नाका २
१८, अर्काको चोर्नु वा हर्नु ३
२१, चलन २
२२, युद्ध २
२३, देवता २
२४, सिद्धान्त २
२६, धर्मराजको अर्को नाम २

हाम्रो केही दुर्बलताहरु जन्मसिद्ध छन्। केही शिक्षाको परिमाण हो। -गेटे